"शिवपुरी विकास र समृद्धिको आधार: शिक्षा, स्वास्थ, कृषि, पर्यटन र पूर्वाधार"

# स्थानीय सरकार
# शिवपुरी गाउँपालिका
शेरावगर, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.न.

मितिः- २०८३/०६/२७
ने.सः- ११४६ कौलाथ्व तृतीया
मञ्जुश्री सम्वत - २८६२

**चाडपर्व लक्षित बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी अत्यन्त जरुरी सूचना !**

बडादसैं, तिहार तथा छठ लगायतका महान् चाडपर्वहरूको पावन अवसरमा शिवपुरी गाउँपालिका क्षेत्रभित्र उपभोक्ताहरूको आवतजावत र दैनिक उपभोग्य वस्तुहरूको खरिद-बिक्री व्यापक रूपमा वृद्धि हुने समयलाई दृष्टिगत गर्दै बजारमा हुन सक्ने अनुचित व्यापारिक क्रियाकलाप नियन्त्रण गर्न गाउँपालिकाको बजार अनुगमन समितिबाट "चाडपर्व लक्षित विशेष बजार अनुगमन" सञ्चालन गर्न लागिएको व्यहोरा सम्पूर्ण व्यवसायी तथा सर्वसाधारणमा जानकारी गराइन्छ। चाडपर्वको समयमा बजारलाई स्वच्छ, पारदर्शी र प्रतिस्पर्धी बनाई उपभोक्ता अधिकारको संरक्षण गर्ने विषयहरूलाई कडाइका साथ निरीक्षण गरिनेछ।

साथै स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्र भित्र पर्ने व्यवसाय करको सन्दर्भमा स्थानीय व्यवसायीहरुलाई करको दायरामा ल्याउने अभिप्रायले व्यवसाय दर्ता गरे/नगरेको सम्बन्धमा समेत बजार अनुगमनमा स्थानीय व्यवसायीहरूले यस अघि दर्ता गरिसकेको भए बजार अनुगमन अधिकृतले दर्ता प्रमाण-पत्र मागेको बखत उपलब्ध हुने गरी रूजु अवस्थामा राख्नुहुन तथा नवीकरण गर्न बाँकी भए तत्काल नवीकरण गराई व्यवसाय अद्यावधिक गरी बजार अनुगमन कार्यलाई सहजीकरण गरिदिनुहुन सबै व्यवसायी तथा सरोकारवालाहरूलाई अनुरोध गरिन्छ ।

२०८३/०६/२६

विष्णु प्रसाद न्यौपाने
अधिकृत सातौं